**नीति केआइ - विद्यालयहरुमा आगन्तुकहरू**

बोर्ड अभिभावक र डिस्ट्रिक्टका अन्य नागरिकहरूलाई विद्यालयको कार्य अवलोकन गर्न कुनै पनि समयमा कक्षाकोठामा आउन प्रोत्साहित गर्दछ। विद्यालयहरूले वास्तवमा के गरिरहेका छन् भन्ने कुरा समुदायले जान्नका लागि योभन्दा राम्रो अर्को कुनै बाटो छैन भनी बोर्ड विश्वास गर्दछ।

कुनै पनि अनाधिकृत व्यक्तिले नराम्रो मनसाय बोकेर विद्यालय भवनभित्र प्रवेश नगरोस् भनी सुनिश्चित गर्न, सबै आगन्तुकहरूले प्रवेश गर्ने बित्तिकै विद्यालय कार्यालयमा सूचीत गर्नुपर्दछ र सोही समयमा भवनमा अन्यत्र प्रवेशका लागि अनुमति लिनु पर्दछ। अभिभावकहरूलाई कक्षाकोठा वा सभामा आमन्त्रण गरेका बेला भने यो नियम लागू हुनेछैन।

जो व्यक्तिले नियन्त्रित वस्तुहरूको विद्यालय परिसरमा, विद्यार्थी ओसारपसार गर्ने विद्यालय बसहरूमा वा विद्यालय परिसरको १,००० फिट परिधिमा प्रयोग गरेर, बेचेर वा वितरण गरेर आपराधिक कानुनको उल्लङ्घन गर्छ, त्यस्ता व्यक्तिलाई उच्च आपराधिक दण्ड लाग्नेछ भनी विद्यालयले समुदायलाई उपयुक्त विधिले सूचीत गर्नेछ।

सि.आर.एस. १८–९–११२ ले परिभाषित गरेअनुसार बरालिनु मनाही छ।

वर्तमान अभ्यास कोड गरिएको १९९३
स्वीकृत : अप्रिल १९९४
परिमार्जित : जुन २०, २००२

कानुनी सन्दर्भ : सि.आर.एस. १८–९–११२ संसोधन भए अनुसार
सि.आर.एस. १८–१२–१०५.५
सि.आर.एस. १८–१८–४०७(२)

क्रस सन्दर्भ : केएफए, विद्यालय सम्पत्तिमा नागरिक व्यवहार